बित्थडचिर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउलेख, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
च.नं

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निबेदन दिने सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मिति : २०८०/१०/२८)

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली (दोस्रो संशोधन) २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका (पहिलो संशोधन) २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८१/०८२ मा यस बित्थडचिर गाउँपालिका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० (एकसय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निमार्ण कार्यमा योगदान गर्न इच्छुक वेरोजगार नेपाली नागरिक (१८ वर्ष देखि ५९वर्ष सम्म उमेर) भएको व्यक्तिले मिति २०८० फागुन १ गते देखि २०८० फागुन ३० गते सम्म आफुले स्थायी वसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा वेरोजगार व्यक्तिको सूचीमा सुचिकृत हुन निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनको ढाँचा र यस सम्वन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np तथा बित्थडचिर गाउँपालिकाकाको रोजगार सेवा केन्द्रमा र सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ । निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालयले उपलब्ध गराए वमोजिम वा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७) सहितको अनुसूची १ बमोजिम हुनुपर्ने छ ।

**आवश्यक कागजातहरु**

१. नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक पारिश्रमिक भन्दा कम आय भएको परिवार को सदस्य भएको ।
२. नागरिकताको प्रतिलिपि १ थान ।
३.परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण-पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १/१थान
४.वसाईसराई गरेको भए सो को प्रतिलिपि १ थान ।

- ❖ द्रष्टव्य : निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ । अन्यथा फारम मान्य हुने छैन ।

**बोधार्थ**

श्री सूचाना प्रविधि शाखा, बित्थडचिर गाउँपालिका, सूचना वेवसाईटमा अपलोड गर्न हुन ।
श्री वडा कार्यालय सवै, बित्थडचिर गाउँपालिका ।

लोकराज जोशी
रोजगार संयोजक

लोकराज जोशी
रोजगार संयोजक

गौरीलाल बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

"सक्षम निजामती प्रशासन:विकास समृदि र सुशासन"
Website:bitthadchirmun.gov.np Email: bitthadchirmun@gmail.com,

CamScanner